संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

प्रेस विज्ञप्ति - २०६५ असार १०

## सुरक्षापरिषद्को प्रस्तावले द्वन्द्वका क्रममा भएका यौनहिंसाका अपराधमा दण्डहीनताको अन्त्य गर्नुपर्ने महत्त्वमाथि जोड दिन्छ

असार ५ गते, संयुक्त राष्ट्रसङ्घीय सुरक्षापरिषद्ले द्वन्द्वको अवस्थामा यौनहिंसालाई अन्त्य गर्ने उद्देश्यले ल्याइएको प्रस्ताव १८२० लाई सर्वसम्मतिले पारित गऱ्यो। दशक लामो द्वन्द्वका क्रममा भएका यौनहिंसाको पूर्ण परिमाण तथा प्रभाव अझै थाहा हुन नसकेको र सरकार सङ्क्रमणकालीन न्याय संयन्त्रको खाका तयार पार्ने प्रक्रियामा रहेको नेपालका लागि यस प्रस्तावको महत्त्वपूर्ण अर्थ रहेको छ।

प्रस्ताव १८२० ले सशस्त्र द्वन्द्वका सबै पक्षहरूलाई अन्य कुराका अतिरिक्त बलात्कार तथा अन्य यौनहिंसाको अपराधका लागि उपयुक्त सैन्य अनुशासनात्मक उपायको कार्यान्वयन गर्न र सशस्त्र तथा सुरक्षा फौजका सदस्यहरूलाई विगतका कुनै पनि उल्लङ्घनका लागि जाँच गर्न तथा सुधारिएको सुरक्षाफौजमा उनीहरूको सहभागिता वञ्चित गर्न माग गर्छ। सो प्रस्तावले द्वन्द्वसँग सम्बन्धित अपराधहरूमा आममाफीको कुनै पनि प्रावधानमा यौनहिंसाका अपराधलाई नपार्ने तथा यौनहिंसाका पीडितहरूले कानुनअन्तर्गत समान संरक्षण तथा न्यायमा समान पहुँच पाउने कुरा सुनिश्चित गर्नुपर्ने आवश्यकतामा पनि जोड दिन्छ। प्रस्ताव १८२० ले दिगो शान्ति, न्याय, सत्य तथा राष्ट्रिय मेलमिलापको खोजी गर्ने विस्तृत पद्धतिको एउटा अङ्गका रूपमा, त्यस्ता कार्यहरूका लागि दण्डहीनताको अन्त्य गर्नुपर्ने महत्त्वमा पनि जोड दिन्छ।

नेपालमा द्वन्द्वका क्रममा भएका यौनहिंसाको पूर्ण परिमाण अज्ञात छ र यो हुनुको मुख्य कारण यी अपराधहरूबारे बोल्दा पीडितहरूले भोग्नुपर्ने कठिनाइ हो। यौनहिंसाका घटनाहरूको अनुसन्धान तथा प्रतिवेदन गर्ने क्रममा पीडितहरूका लागि उपलब्ध हुने सहायता (चिकित्सा, कानुनी तथा मनोसामाजिक)को अभाव र न्यायप्रतिको पहुँचको अभाव दुवै रहेको उच्चायुक्तको कार्यालय-नेपालले पाएको छ। राज्यअधिकारीहरू, विशेषगरी सुरक्षाफौजका कर्मचारीहरू मुछिएका घटनाहरूमा, प्रायः अनुसन्धान गर्न वा जाहेरी दरखास्त दायर गर्ने कुरालाई स्वीकार गर्न समेत अनिच्छुक हुन्छन्।

यसकारण, प्रस्ताव १८२० ले सङ्क्रमणकालीन न्याय प्रदान गर्ने संयन्त्रहरूको खाका तयार पार्दा यौनहिंसाको मुद्दालाई समावेश गर्न नेपाल सरकारलाई समयमै स्मरण गराउँछ। कानुनी, नीतिगत तथा कार्यक्रमस्तरमा महिलाअधिकारलाई संरक्षण तथा प्रवर्द्धन गर्न र चिकित्सकीय, मनोसामाजिक तथा आर्थिक सहयोगका प्रावधानमार्फत् यौनहिंसा पीडितप्रतिको आफ्नो सहायतालाई वृद्धि गर्न उच्चायुक्तको कार्यालय–नेपाल सरकारलाई प्रोत्साहन गर्दछ। पीडितहरूलाई कलङ्कित गर्ने दृष्टिकोणमा समाजमा परिवर्तन ल्याउन थप प्रयासहरू पनि गरिनुपर्छ। पीडितका अधिकारको पालना गर्न तथा यौनहिंसाका पीडकहरूलाई सजाय दिन आफूले अझ बढी कार्य गर्न चाहेको भन्ने स्पष्ट सन्देश दिन उच्चायुक्तको कार्यालय-नेपाल सरकारलाई आग्रह गर्दछ।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**